# स्काभेटर तथा व्याकहोइ लोडर मेशिनसंचालन सम्बन्धी

# कार्यविधि

**प्रमुख संरक्षकः** नगरप्रमुख श्री निमफुन्जो शेर्पा
**उपसंरक्षकः** उपप्रमुख श्री शुसिला पाखीन
**सदस्यहरुः** वडा अध्यक्ष : श्री बमवहादुर तामाङ
ना.सु.श्री कृष्णदेव लुवान्जर
ई.सुरेन्द्र नेपाल
सव-ई.ताराबहादुर तिमल्सिना ।

**वडा कार्यालय तथा नगरबाट संचालित योजनाहरुको लागि :**

(१) ठुलो मेशिनप्रतिघण्टा रु.१,०००।-(अक्षरुपी एक हजार मात्र) भाडा कार्यालयलाई बुझाउनु पर्ने । *(तेल, मोबिल, ग्रिज, अपरेटर हेल्फर भत्ता लगायत सम्पूर्ण खर्चहरु समितिले बेर्होने)*

(२) सानो मेशिनप्रतिघण्टा रु.७००।-(अक्षरुपी सात सय मात्र) भाडा कार्यालयलाई बुझाउनु पर्ने । *( तेल, मोबिल, ग्रिज, अपरेटर हेल्फर भत्ता लगायत सम्पूर्ण खर्चहरु समितिले बेर्होने)*

(३) ब्रेकर प्रयोग गर्नु परेमा प्रतिदिन रु.४,०००।-(अक्षरुपी चार हजार मात्र) भाडा कार्यालयमा बुझाउनु पर्ने ।

**नगरपालिका भन्दा बाहिर मेशिनप्रयोग गर्न परेमा :-**

(१) ठुलो मेशिनप्रतिघण्टा रु.२,२००।- (अक्षरुपी दुई हजार दुइ सय मात्र) । *(तेल, मोबिल, ग्रिज, अपरेटर हेल्फर भत्ता लगायत सम्पूर्ण खर्चहरु समितिले बेर्होने)*

(२) सानो मेशिनप्रतिघण्टा रु.१,४००।- (अक्षरुपी एक हजार चार सय मात्र) । *(तेल, मोबिल, ग्रिज, अपरेटर हेल्फर भत्ता लगायत सम्पूर्ण खर्चहरु समितिले बेर्होने)*

(३) ब्रेकर प्रयोग गर्दा प्रतिदिन रु.८,०००।-(अक्षरुपी आठ हजार मात्र) भाडा कार्यालयमा बुझाउनु पर्ने ।

**अपरेटर तथा हेल्फर भत्ता सम्बन्धमाः-**

(१) ठुलो मेशिनप्रतिघण्टा रु.२००।- को दरले उपभोक्ता समितिले दिनुपर्ने ।

(२) सानो मेशिनप्रतिघण्टा रु.१५०।- को दरले उपभोक्ता समितिले दिनुपर्ने ।

(३) अपरेटर तथा हेल्फर तलब नियमानुसार कार्यालयबाट दिनेछ ।

* मेशिनमर्मत गर्दा रु.२०,०००।-(अक्षरुपी बीस हजार) सम्म उपभोक्ता समितिले व्यहोर्न पर्ने र सो भन्दा माथि कार्यालयबाट मर्मत गराउने ।

**कामगर्ने ठाउँ छनोट सम्बन्धमा :-**

माथि उल्लेखित समितिबाट निर्णय गरी प्राथमिकताको आधारमा प्राथमिकता निर्धारण गरिनेछ र नगर योजनाहरुलाई पहिलो प्राथमिकता दिइनेछ ।

**उपभोक्ता समितिको जिम्मेवारी सम्बन्धमा :-**

उपभोक्ता समितिले मेशिनकार्यालयबाट सम्झौता बमोजिम बुझिलिएपछि कार्यालयमा नबुझाउँदासम्म सम्पूर्ण जिम्मेवारी उपभोक्ता समिति स्वमं हुनेछ र कार्य सम्पन्न हुनसाथ कार्यालयलाई मेशिनबुझाउनु पर्नेछ । मेशिननबुझाएमा समितिको निर्णय बमोजिम जरिवाना तिर्नुपर्नेछ ।

**वडा तथा नगर योजनाहरुका लागि मेशिनप्रयोग गर्दा नगरमा सूचिकृत गराउनु पर्नेः**

(१) १२० देखि १४० हर्स पावरसम्म मेसिनको रु.३,५००।- इन्धन सहित ।

(२) १४० देखि २२० हर्स पावरसम्म मेसिनको रु.५,०००।- इन्धन सहित ।

(३) सानो मेशिनरु २५००।- इन्धन सहित ।

**नोटः-** मेशिन प्रयोग गर्नु पुर्व कार्यालयमा निवेदन दर्ता गराउनु पर्ने, सम्झौता गर्नु पर्ने, मिटर रिडिङ गरी लकबुक भर्नुपर्ने र प्राविधिकहरुसँग अनुमति लिएर मात्र मेशिन प्रयोग गर्नुपर्नेछ । मेशिन बिग्रिएमा अपरेटर मार्फत तुरुन्त कार्यालयमा जानकारी गराउनु पर्नेछ । साथै माथि उल्लेखित कार्यविधिमा छुटफुट भएमा समितिको निर्णय बमोजिम हुनेछ ।